नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
ईमेलः info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- २०७६/७७/१/१२
प्राप्त पत्र संख्याः- ................
च.न.:- ५३

मिति : २०७७/०४/२६

विषय :- आ.व.२०७६/७७ को सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

श्री स्थलरुप नापी तथा भूउपयोग व्यवस्थापन महाशाखा, नापी विभाग ।
श्री कित्तानापी महाशाखा, नापी विभाग ।
श्री खगोल तथा भूमापन महाशाखा, नापी विभाग ।
श्री भौगोलिक सूचना पूर्वाधार महाशाखा, नापी विभाग ।
श्री नापी कार्यालयहरु, सबै ।
श्री विशेष नापी कार्यालयहरु, सबै ।
श्री डिजिटल नापी कार्यालय, बनेपा ।

प्रस्तुत विषयमा आर्थिक बर्ष २०७६/७७ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना यसैसाथ संलग्न राखि पठाईएको छ । तहाँ महाशाखा/कार्यालयहरुमा कार्यरत सबै कर्मचारीहरुलाई जानकारी गराई दिनहुन आदेशानुसार अनुरोध छ ।

७७/५/२६

( धृता कुमारी खत्री )
शाखा अधिकृत

**बोधार्थ**

श्री सूचना प्रविधि तथा यन्त्र उपकरण शाखा, नापी विभाग : Website मा प्रविष्ट गरिदिनुहुन ।

## आ.व. २०७६/७७ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी सूचना

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रतेक स्थायी कर्मचारीहरुको हकमा आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र तोकिएको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी खाम बाहिर देहायको विवरण उल्लेख गरी सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखानामा र करारमा कार्यरत समेत कर्मचारीहरुले यस विभागमा दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरीएको छ ।

**आ.व. २०७६/७७ को सम्पत्ति विवरण**

| | |
|---|---|
| क) कर्मचारीको संकेत नम्बर : | ङ) श्रेणी/तह : |
| ख) नाम, थर : | च) कार्यरत कार्यालय : |
| ग) पद/दर्जा : | छ) मोबाइल नं : |
| घ) सेवा/समूह : | ज) ई-मेल ठेगाना : |

**पुनश्च :** करार समेतमा कार्यरत कर्मचारीहरुको सम्पत्ति विवरण हुलाक मार्फत तोकिएको अवधि भित्र यस विभागमा प्राप्त भएमा प्रविष्ट गरी अभिलेख राखिनेछ तर तोकिएको ६० दिन पछि प्राप्त हुन आएमा, तोकिएको अवधि भित्र नआएको सरह मानी आभिलेख राखिने छैन ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
नापी विभाग